
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ७६ पृष्ठ : ४ २०७७ असोज १३ गते मंगलबार (Tuesday 29 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

• दलित हत्या, हिंसा विरुद्ध सभा •

## सामाजिक जागरणमूलक अभियानसँगै उद्यमशील बन्नुपर्नेमा जोड

• **मणिलाल विश्वकर्मा**





पछिल्लो समय मुलुकका विभिन्न जिल्लामा दलित समुदायमाथि भएको हत्या हिसा विरूद्ध दलितहरू आन्दोलित रहेकै बेला सप्तरीको सुरूङ्गामा विरोध सभा भएको छ । ४१ औं सामाजिक सेवा दिवसको सन्दर्भमा 'सामाजिक क्षेत्र, राष्ट्रिय गौरव आजको प्राथमिकता, समृद्धि र सुखको लागि सामाजिक रूपान्तरण र उद्यमशीलता' भन्ने नारासहित सुरूङ्गा नगरपालिका-४ कनकपुरस्थित राष्ट्रिय आधारभूत विद्यालयको प्राङ्गणमा सभा आयोजना गरिएको हो । सभामा सप्तरी प्रदेश २ का सांसद् गोविन्दबहादुर न्यौपानेले दलितहरूको सामाजिक हैसियत उठाउन ध्यान दिइनु पर्ने औंल्याए । 'त्यसका लागि शिक्षा, चेतना र सामाजिक जागरणमूलक अभियानसँगै उद्यमशील बन्नु पर्छ' सांसद् न्यौपानेले भने 'उद्यमशीलताले आयआर्जन हुने र आयआर्जनले सामाजिक हैसियत उठाउने भएकाले दलितहरूमाथि भइरहेका हत्या हिंसाका घटनाहरू रोक्न सघाउँछ ।'

बहुसंख्यक दलित महिलाहरूको सहभागिता रहेको सभालाई सम्बोधन गर्दै सांसद् न्यौपानेले सामाजिक रूपान्तरण आफैंबाट सुरू गरिए गाउँटोल, छिमेक हुँदै व्यापक बन्दै जाने र त्यसका लागि विचारसहित संगठित बन्नु पर्नेमा जोड दिए । खेती प्रणाली पनि कृषि उपकरणहरूमा आधारित बन्दै गएको चर्चा गर्दै समाजका बिपन्न,

——— बाँकी ३ पेजमा

## दलितहरुमाथि भएको घटनाको छानबिन सुरु

*पछिल्लो समय प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा दलितहरूमाथि भएका घटनाहरूको छानबिन गर्न प्रदेश २ सरकारले गठन गरेको छानबिन समितिले रौतहट जिल्लाका तीन ठाउँमा भएका हत्याको घटनाबाट छानबिन थालेको जनाएको छ ।*

*जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको बैठकमार्फत् प्रदेश २ का आन्तरिक मामिला मन्त्री ज्ञानेन्द्रकुमार यादवको संयोजकत्वमा गठन भएको पाँच सदस्यीय छानबिन समितिले घटनास्थल पुगेर छानबिन थालेको समितिका सदस्य सुन्दर विश्वकर्माले बताए । छानबिन सदस्य विश्वकर्माका अनुसार समितिले रौतहटको माधवनारायण नगरपालिका-२ खेसरहियास्थित हनुमान मन्दिरका पूजारी राम साह, गरूडा नगरपालिका ८ बसबिट्टीका निरञ्जन राम, विजय राम र गढीमाई नगरपालिका ३ लक्ष्मीपुर मुसहरीकी मिन्त्रादेवी बैठाको हत्या सम्बन्धी छानबिन थालेको छ ।*

*समितिका संयोजक समेत रहेका प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवका अनुसार कोरोना महामारीको बीचमा समितिले चार वटा घटनाका मृतक परिवार, प्रहरी, स्थानीय जनप्रतिनिधि, संयुक्त दलित संघर्ष समितिका प्रतिनिधिहसँग भेटघाट र छलफल गरिएको छ । 'घटनामा संलग्न रहेको आरोपमा पक्राउ परी थुनामा रहेका व्यक्ति, मृतकलाई यातना दिएको आरोपमा निलम्बित भएका प्रहरीसँग पनि भेट गरी बयान लिने योजनामा छौं' मन्त्री यादवले भने ।*


*त्यसबाहेक प्रदेश अन्तर्गत सप्तरी, सिरहा, धनुषा लगायतका जिल्लामा भएका घटनाको पनि छानबिन गरिने कार्ययोजना रहेको मन्त्री यादवले उल्लेख गरे । 'छानबिन समितिले घटनाको गहिराईसम्म पुगेर छानबिन गरी मृतक परिवारलाई न्यायसहित दीगो रूपमा जीविकोपार्जनका लागि प्रदेश र स्थानीय तहले गर्न सक्ने सहयोगको सिफारिशसहित प्रतिवेदन बनाएर प्रदेश सकारलाई प्रतिवेदन बुझाउने छौं' उनले भने ।*

ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045

NET TV
DRIVEN BY INNOVATION
छिटो भनेकै WORLDLINK

Lahan Office : Call : 033-561429, 033-561430
Mirchaiya : 033550505, Golbazar : 9801186055, Kalyanpur : 031-540229
MORE THAN JUST HIGH SPEED INTERNET
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
SAFENET
Make the Internet a safer Place for your kids. Help them get the best out of the internet
WORLDLINK For Registration & More Information Dial : 9801523050 | SMS :>Call>to 35465
Email: sales@worldlink.com.np|www.worldlink.com.np|facebook/wlink.np

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था।
हाम्रा संकायहरू :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२९५८८२४
९८१९७३७३३१, ९८१९३०७९४,
९८०७८७६११५


फ्रेन्डस मोडल हस्पिटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# 'संघर्ष बिना कुनै उपलब्धी हुँदैन' : कोषाध्यक्ष सीतादेवी यादव

• बद्री नारायण यादव



**सिरहा ।** कांग्रेस कोषाध्यक्ष एवं चन्द्र नारायण यादव मेमोरियल ट्रष्टकी संरक्षक सीतादेवी यादवले कुनै पनि उपलब्धी हासिल गर्नका लागि संघर्ष गर्न अपरिहार्य भएको बताएकी छन् ।

ट्रष्टद्वारा संचालित चन्द्र नारायण यादव मेमोरियल मेटर्निटी अस्पताल माडर सिरहाद्वारा आयोजित सम्मान कार्यक्रममा उनले त्यस्तो बताएकी हुन् । समाज सेवा गर्नका लागि जीवनमा सबैभन्दा बढि संघर्षको खाँचो पर्ने गरेको औल्याउदै उनले भनिन्, 'संघर्ष गर्न नजान्नेले सही प्रतिफल र सोचेको जस्तो काम गर्न सक्दैन् ।' ट्रष्टले संचालन गर्दै आएको अस्पताललाइ इंगित गर्दै उनले सबल लक्ष्य र निश्चित उद्देश्य राखेर समाज सेवाको भावले संघर्ष गरेकै कारण ट्रष्टले अस्पताल संचालन गरेर जनसेवा गर्दै आएको बताइन् ।

राजनीतिक परिवेशबारे चर्चा नगरी समाज सेवामा सामाजिक संस्थाहरूको भूमिका र आवश्यकताबारे विशेष चर्चा गर्दै उनले संस्थागत विकासका लागि निरन्तर संघर्षको खाँचो पर्ने गरेको औल्याइन् । उनका अनुसार सबल लक्ष्य र निश्चित उद्देश्य बिना क्रियाकलाप गर्ने गरेको कारण कतिपय संस्था असफल भएका छन् । स्वास्थ्य र शिक्षा जटिल अवस्थामा पुगेको भन्दै त्यसतिर विषेश ध्यान दिन नेपाल सरकारसँग उनले आग्रह गरिन् ।

राजनीतिकसँगै जनविचार अनुसार काम गर्ने व्यक्तिको पहिचान बनाउन सफल भएको चन्द्र नारायण यादवसँगै उनको विचारलाई दबाउन अपराधीक प्रवृतिका व्यक्तिहरूले उनको हत्या गरेको र हत्या भएको वर्ष दिनपछि उनको विचारलाई रक्षा गर्दै समाजसेवा भावले ट्रष्टको स्थापना गरिएको ट्रष्टका सभापति तथा अस्पतालका निर्देशक डा. सुभाषचन्द्र यादवले बताए । यादवको २०५७ मा हत्या भएपछि २०५८ अर्थात प्रथम स्मृति दिवसमा ट्रष्टको स्थापना गरिएको थियो । उनका अनुसार आ–आफ्ना पूर्वजको नाउँमा अस्पताल, विद्यालय तथा अन्य क्रियाकलाप मार्फत समाज सेवा गर्ने र प्रतिस्पर्धा गर्ने अधिकार सबैलाई भएको तर प्रतिस्पर्धा स्वस्थ्य रूपमा हुनुपर्नेमा उनले जोड दिए । सामूहिक संघर्ष, सबल लक्ष्य र निश्चित उद्देश्यका साथ काम गरेकैं कारण प्रतिफल स्वरूप ट्रष्टले सिलाई कटाई तालिम, कृषि बिधुतीकरण तथा अन्य कार्य गर्दै अस्पताल संचालन गर्न सफल भएको उनले बताए ।

अस्पताल संचालन गर्दै सबै दृष्टिले सुव्यवस्थितता तर्फ अगाडि बढिरहेको सन्दर्भमा केही पक्षले कानूनसँग मिल्ने कार्यलाई रोक्न प्रयास गरेको व्यवहारप्रति उनले दुखेसो पोखे । सिरहा नगरपालिकामा आमा सुरक्षा कार्यक्रम संचालनको अनुमतिका लागि निवेदन दिएको दुई महिना भएको सन्दर्भलाई संकेत गर्दै उनले भने,'केन्द्रमा बुझ्दा आमा सुरक्षा कार्यक्रमको रकम फिर्ता भइरहेको बुझियो । त्यो कार्यक्रम संचालन गरेर सेवा विस्तार गर्न निवेदन दिएको दुई महिना भयो, तर विभिन्न वहानामा नगरपालिकाले टारिरहेको छ ।'

आमा सुरक्षा कार्यक्रम मार्फत नि:शूल्क रूपमा गर्भवति गराउनका लागि अस्पतालले भौतिक तथा व्यवस्थापकिय रूपमा तयार रहेको उनले प्रतिबद्धता जनाए । अस्पतालले स्वास्थ्य सुविधा कार्डको कार्यनीति ल्याएको

———बाँकी ४ पेजमा

# भगवानपुरमा ई-रिक्सा तथा अटो चालक संघ इकाई गठन



**लहान ।** नेपाल ई-रिक्सा तथा अटो चालक संघले भगवानपुर ठाडीमा रामरहल साहको अध्यक्षतामा इकाई समिति गठन गरेको छ । १३ सदस्यीय गठित समितिको उपाध्यक्षमा रामशरण यादव, सचिवमा सुरज मण्डल, कोषाध्यक्षमा एमडी मलिक खान र सहसचिवमा जितेन्द्र पासमान छन् ।

त्यसैगरी समितिका सदस्यहरूमा मुक्तिनाथ यादव, धर्मेन्द्र कुमार यादव, रामलोचन यादव, दुनियालाल यादव, धर्मेन्द्र यादव, जीतलाल यादव, सतीय पासमान र दुर्गालाल यादव छन् ।

# प्रजातान्त्रिक समाजवाद : आजको सन्दर्भमा

## बिपी कोइराला राजनीतिक अभिलेख



तपाईंको प्रजातान्त्रिक समाजवादप्रतिको वचनबद्धता एक ऐतिहासिक तथ्य हो । सन् १९३० को दशकको प्रारम्भदेखि नै तपाईं समाजवादी रहिआउनु भएको छ । तपाईंको प्रजातान्त्रिक समाजवादको वास्तविक धारणा के हो ? तपाईंलाई नेपालमा एउटा सैद्धान्तिक आन्दोलनका रूपमा प्रजातान्त्रिक समाजवादको कुनै भविष्य छ जस्तो लाग्दछ ?

सन् १९८१ को फेब्रुवरी (फागुन)मा मैले अष्ट्रेलियाको राजधानी सिड्नीमा एउटा भाषण दिएको थिएँ । त्यसमा मैले हाम्रो सङ्घर्षको अनुभव सङ्क्षेपमा बताएँ र संसारका समाजवादीहरूले त्यसबाट के पाठ सिक्न सक्छन् भन्ने कुरा गरेँ । मैले एसियाली तथा प्रशान्त क्षेत्रको समाजवादी सङ्घको सिड्नी सम्मेलनमा आफूले बनाएका पाँचवटा बुँदा प्रस्तुत गरेँ । जनताको स्वार्थ निहित भएका उचित राजनीतिक संस्थाहरूविना आर्थिक विकास पनि सम्भव नभएको हुँदा मेरो पहिलो बुँदा प्रजातन्त्रका बारेमा छ ।

राजा महेन्द्रबाट ०१७ साल ल्याउनुपछाडि 'आर्थिक विकासलाई राजनीतिबाट अलग्याउन सकिन्छ र विकासको गतिलाई तानाशाही व्यवस्थाअन्तर्गत छिटो दौडाउन सकिन्छ' भन्ने एउटै मात्र तर्क थियो । तर त्यो तर्क पूरा भएन । वास्तवमा भन्ने हो भने राजाको प्रत्यक्ष शासनले देशको आर्थिक अवस्थालाई पूरा नष्ट हुने बिन्दुमा ल्याइपुर्‍यायो । ०१७ सालपछि देश झन् गरिब बनेको छ । हाम्रो अर्थात् तेस्रो विश्वको अनुभवका सन्दर्भमा विकास भन्नुको अर्थ जनतालाई विकासको काममा अभिप्रेरित गर्नु हो । उनीहरूलाई विकासको निर्णय गर्ने तहदेखि लिएर त्यो निर्णयको कार्यान्वयन गर्ने तहसम्म विकासका हरेक तहमा सहभागी बनाउनुपर्छ । यो एउटा राजनीतिक काम हो । तानाशाही शासनले जनताको कुनै सम्बन्ध नभएको एउटा प्रशासनिक महल खडा गर्न सक्छ । त्यसो हुँदा एउटा समाजवादी मानिसले प्रजातान्त्रिक संस्थाहरूको विकासमा समेत सरोकार राख्नुपर्दछ ।

दोस्रो बुँदा विदेशी सहायताका बारेमा छ । यसबारे मेरो के धारणा छ भने हाम्रोजस्तो अवस्थामा विदेशी सहायताले विकासको प्रक्रियालाई मद्दत गर्नुको साटो एउटा सम्पन्न वर्गको सिर्जना मात्र गर्छ । त्यस वर्गको सम्पन्नता केवल विदेशी सहायता आफ्नो खल्तीमा हाल्ने, भ्रष्टाचार गर्ने वा अवैध व्यापार गर्ने जस्ता कुराहरूमा आधारित हुन्छ ।

तेस्रो बुँदा, हाम्रोजस्तो गरिब देशको विकासका लागि विकसित समाजहरूले देखाएको उन्नत प्रविधिको नमुना अनुचित मात्र छैन, हामीले त्यो नमुना अगाडि राखेर काम गर्न अत्यन्त ढिलो पनि भइसक्यो । तसर्थ हामीले त्यस्तो उच्च स्तरको प्रविधि आयात गर्नु हुँदैन । हाम्रा लागि उपयुक्त प्रविधि त हाल हामीले प्रयोग गरिरहेको भन्दा केही परिष्कृत प्रविधि मात्र हो । हामीलाई हाम्रा आफ्नै मानिसले सञ्चालन गर्न सक्ने प्रविधि चाहिएको छ । हामीले विकासको पश्चिमी ढाँचा अनुकरण गर्दा धनी झन् धनी र गरिब झन्–झन् गरिब हुँदै गइरहेका छन् । त्यो नयाँ सम्पन वर्गको आधार देशमा छैन, त्यो वर्गलाई देशको आर्थिक पुन:रूत्थानमा खास रूचि पनि छैन ।

चौथो बुँदा के हो भने समाजवादीका लागि संसारमा सर्वत्र चलिरहेको प्रजातान्त्रिक आन्दोलनप्रति उदासीन रहनुभन्दा बढी खराब काम अरू कुनै हुनै सक्तैन । प्रजातन्त्र भन्नुको मेरो तात्पर्य उदार प्रजातन्त्र हो । समाजवादीहरूले कहिलेकाहीँ आर्थिक विकासलाई पहिलो प्राथमिकता दिएर यो बुँदालाई दोस्रो प्राथमिकतामा राख्ने गरेकाले म यस बुँदामा विशेष जोड दिन चाहन्छु ।

पाँचौ बुँदा, हामीलाई समाजवाद भविष्यको लहर हो भन्ने लाग्छ । समाजवाद, तेस्रो विश्व भनौं वा असंलग्न विश्वको स्वाभाविक मित्र हो । तेस्रो विश्वका देशहरू समाजवादी मियोमा बाँधिएनन् भने उनीहरू कि फ्सिस्ट सैनिक तानाशाहीतिर जान्छन् वा कम्युनिस्ट तानाशाही वा कुनै सुधारविरोधी प्रतिक्रियावादी धार्मिक मौलिकतावादी तानाशाहीतिर जान्छन् । त्यसकारण हामी तेस्रो विश्वका समाजवादीहरूका अघिल्तिर एउटा ठूलो चुनौति छ । आज समाजवादको आकर्षणको केन्द्रबिन्दु युरोपबाट हटेर तेस्रो विश्वमा पुगेको छ । त्यहाँ समाजवाद जीवनको एउटा प्रेरणादायी आदर्श र विकासको नमुनाका रूपमा सान्दर्भिक बनेको छ । नेपालको कुनै भविष्य बाँकी छ भने एउटै त्यही मात्र हो । समाजवादका मुख्य दुईवटा पोया छन् : (१) राजनीतिकस्तरमा प्रजातन्त्र र (२) आर्थिक क्षेत्रमा गरिब जनतालाई न्याय दिने खालको विकास । यी दुई पक्षबिना गरिबी उन्मूलन गर्छु भन्नु र राजनीतिक स्वतन्त्रता ल्याउँछु भन्नु असम्भव कथा सुनाउनुबराबर हो । यो केवल आदर्शको प्रश्न वा जीवनको उत्कृष्ट मूल्यमा विश्वास राख्ने प्रश्न मात्र होइन, यो जीवनमरणको प्रश्न पनि हो ।

तपाईं नेपालमा कस्तो किसिमको आर्थिक व्यवस्था चाहनुहुन्छ ? र, नेपालले अरूनो विकास कसरी गर्न सक्छ भने ठान्नुहुन्छ ?

रूरूम तपाईंलाई यससम्बन्धी आफ्नो विचार भन्छु । मेरो विचार उति प्रस्टसँग परिभाषित छैन । तर म त्यसमा केही उज्यालो देख्दछु । म त्यही उज्यालोतिर छामछुम गर्दै अघि बढ्दै छु ।

यसबारेमा केही भन्न सक्नुहुन्छ कि ?

रूरूम प्रधानमन्त्री छँदा एकपटक योजना आयोग अफिसमा गएँ । योजनाविद्हरू बसिरहेको कोठाको भित्तामा राजाको एउटा तस्बिर टाँगिएको थियो । उनीहरूलाई मैले सम्बोधन गर्नु थियो, तर मलाई ती योजनाविद्हरूलाई के भनौं–के भनौं जस्तो भइरहेको थियो ।

अँ ! तिनीहरूमध्ये केही हार्वर्ड र केम्ब्रिज विश्वविद्यालयका उत्पादन पनि थिए । उनीहरूलाई मैले भनेँ, 'यहाँ राजाको तस्बिर टाँगिएको छ, त्यो एकदम ठीक कुरा भएको छ । तर त्यहाँ एउटा गाउँको झुपडीको अर्को तस्बिर पनि राख्नुपर्थ्यो ।' उनीहरूलाई मैले यो पनि भनें, 'तपाईंहरूले विकासको योजना बनाउँदा जहिले पनि त्यो झुपडीमा बस्ने किसानलाई सम्झनुहोस् र तपाईंहरूले यहाँ बसेर बनाएको योजनाले राजालाई होइन, त्यो किसानलाई के फाइदा दिन सक्छ भनेर आफैसित प्रश्न गर्नुहोस् ।' यो मेरो मौलिक विचार होइन, महात्मा गान्धीको विचार हो । म कुनै आर्थिक विशेषज्ञ होइन । तर जुन विकासले ग्रामीण जनतालाई पछाडि छोडिदिन्छ, त्यो विकास विकास नै होइन । मेरो विचारमा नेपाल गाउँले बनेको देश भएकाले सहरको सुविधा मात्र हेर्ने र गाउँको बेवास्ता गर्ने विकास, विकास हुँदै होइन । नेपालको गरिबी पनि गाउँमै छ । गाउँ र गाउँलेहरूको अवस्थाबारे तपाईंलाई केही थाहा छैन भने गरिबीको समस्या बुझ्नका लागि पहिलो पाइला सार्न पनि सक्नुहुन्न । बडो उत्कृष्ट एवम् जटिल प्रविधि भएका विकसित देशहरूबाट विकासको धारणा आयात गर्नु नै हाम्रा योजनाविद्हरूको गल्ती हो । विकसित देशहरूमा ठूलो सहरीकरण भएको छ, उनीहरूकहाँ त गाउँ पनि सहरजस्तै छन् । उनीहरूको कृषिमा पनि बडो उच्चस्तरीय प्रविधिको प्रयोग भइरहेको छ । नेपाली योजनाकारहरूलाई यिनै देशहरूले विकासको नमुना प्रदान गर्दछन् । तसर्थ योजनाकारहरूको बुद्धिमा उचित किसिमको परिवर्तन आएन र उनीहरूले विकासको परिभाषालाई बदलेनन् भने हामीले विकासको प्रक्रियाको सुरूवात पनि गर्नसक्ने छैनौं । हाम्रो बाटो त्यहीँबाट छुट्टिन्छ । म योजनाकारहरूलाई गाउँ र गाउँलेको पक्ष लिन अनुरोध गर्छु । गाउँलेहरूका सम्बन्धमा

———बाँकी ३ पेजमा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय तहमा सेवा सुविधा सम्बन्धी छलफल कार्यक्रम





**लहान ।** स्थानीय सरकारको रूपमा रहेको स्थानीय तहमार्फत् प्रवाह हुने सेवा सुविधाको विषयमा सोमबार लहान नगरपालिका–१८ भदैयामा छलफल गरिएको छ ।

लहान नगरपालिका–१८ वडा कार्यालय परिसरमा रहेको महिला श्रोत भवनमा सोमबार बिहान आयोजित छलफल कार्यक्रममा वडाध्यक्ष मो. शमशेरले वडा क्षेत्रका विभिन्न गाउँ टोलमा बसोबास गरिरहेका हरवा चरवा सीमान्तकृत, गरिब बिपन्नहरूका लागि वडा कार्यालयबाट गरिने विभिन्न सिफारिसहरूमा सक्दो सहयोग गरिएको बताए ।

'विभिन्न कारणले वडा कार्यालयसम्म आउन नसक्ने बिपन्न, सीमान्कृतहरूलाई लक्षित गरी गाउँघरमै कर्मचारीहरूको टोली परिचालन गरी व्यक्तिगत घटनादर्ता, बाल पोषण आहार, ज्येष्ठ नागरिक, एकल महिलाका लागि सुरक्षा भत्ता सम्बन्धी फारम संकलन गर्‍यौं वडाध्यक्ष शमशेरले भने 'त्यसबाहेक बसोबासको समस्या भोेलिरहेका सुकुम्बासीहरूलाई वडा क्षेत्रको ऐलानी पर्ती जग्गा पहिचान गरी व्यवस्थापन गर्नेछौं ।' स्थानीय विकास निर्माण, मानवीय विकास, आयआर्जन सम्बन्धी योजना छनौट गर्न सीमान्तकृत समूहहरूसँग सहकार्य गरेर अगाडि बढ्ने चर्चा गर्दै उनले सामुदायिक विद्यालयबाट प्रदान गरिने दलित तथा छात्रा छात्रबृत्तिको रकम सदुपयोग गरी आफ्ना छोराछोरीको भविष्यका लागि अभिभावकहरू गम्भिर बन्नु पर्ने खाँचो औंल्याए । छलफल कार्यक्रममा लहान नगरपालिकाका न्यायिक समितिकी सदस्य समेत रहेकी लहान १८ की सदस्य शान्दिवी सदायले वडा कार्यालयको वार्षिक बजेट तथा कार्यक्रममा हरवा चरवाहरूलाई पनि समेट्नु पर्नेमा जोड दिइन् ।

स्थानीय राजदेवी आधारभूत विद्यालयका प्रधानाध्यापक उद्धव हमालले प्राय : निम्छरो आर्थिक अवस्था भएका परिवारका बालबालिका पढ्ने सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न र टिकाउन लागू गरिएको दिवा खाजा कार्यक्रममा पनि विद्यालय निरीक्षक र श्रोत व्यक्तिहरूले सहयोगी व्यवहार नगरेको गुनासो गरे । 'विद्यार्थीको नाममा आएको सुविधामा पनि आँखा लगाउनु पक्कै राम्रो होइन' प्र.अ. हमालले भने । कोरोना महामारीले लामो समय विद्यालय बन्द हुँदा शिक्षण सिकाइ प्रभावित भएको चर्चा गर्दै पछिल्लो समय नगरपालिका, संघीय सरकारको मन्त्रिपरिषद् र शिक्षा मन्त्री स्तरीय रूपमा छुट्टाछुट्टै आएको निर्देशनले के गर्ने भन्ने अप्ठ्यारोमा छौं उनले भने 'शिक्षकहरू त फुटबल जस्तो भयौं, जसले जसरी हान्दा पनि हुने, कोरोनाको महामारीलाई मध्यनजर गर्दै बालबालिकाको भविष्यका लागि सबै पक्ष जिम्मेबार बन्नु पर्छ ।'

लहान १८ भदैयास्थित स्वास्थ्य चौकीका इञ्चार्ज प्रमोदकुमार दासले नि:शुल्क रूपमा प्राप्त हुने औषधिहरूको नियमित आपूर्ति नहुँदा सेवाग्राही नागरिकलाई माग अनुरूप औषधि दिन नसकिरहेको बताए । वडा सदस्य भुनेश्वर महतोले दलित अभिभावकहरूले आफ्ना छोराछोरीको पढाईमा बढी ध्यान दिन आग्रह गरे । क्लवका अध्यक्ष उमेशकुमार विसुन्केको अध्यक्षतामा सम्पन्न छलफलमा उद्घोषण आशा विश्वकर्मा र स्वागत सीता पासवानको रहेको थियो ।

# आधारभूत सेवा र न्यायमा समन्यायिक पहुँचका लागि सामुदायिक सम्वाद







**लहान ।** नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाको आयोजनामा सखुवानन्कारकट्टी गाउँपालिका–३ मा प्रभावकारी सहभागीता, आधारभूत सेवा, न्यायमा समन्यायिक पहुँचका लागि अन्तर समुदाय र फरक समुदायबीच सामुदायिक सम्वाद कार्यक्रम गरिएको छ ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाका अध्यक्ष मोहन पासमानको अध्यक्षता र सखुवानन्कारकट्टि गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष महेन्द्र यादवको प्रमुख आतिथ्यतामा भएको सम्वाद कार्यक्रममा पछाडि पारिएको समुदायको प्रभावकारी सहभागिताका लागि सरकारी प्रावधान तथा सेवा र न्यायमा पहुँच स्थापनाका लागि समुदायका मानिसहरूले भोल्नुपरेको समस्या तथा व्यवधानका बारेमा प्रष्ट पारिएको थियो । कार्यक्रममा समाजमा रहेको विद्यमान सम्बन्धहरूलाई रूपान्तरण गरी आपसी सम्मान तथा साझेदारीका आधारमा नयाँ सम्बन्ध र अपनत्व कायम गर्न छलफल गरिएको थियो । कार्यक्रम संयोजक जयराम विश्वकर्माले समाजमा रहेको जातीय भेदभाव तथा छुवाछूतलाई अन्त्य गर्न र नेपालको संविधान अनुसार समावेशी सिद्धान्त व्यवहारमा लागू गर्न र विद्यमान नीतिहरूलाई कार्यान्वयन गर्नका लागि दलित र गैर दलित समुदायका मानिसहरूलाई एकै ठाउँमा राखेर सबैको अधिकार र सहभागीतालाई सुनिश्चित गर्न कार्यक्रम आयोजना गरिएको जानकारी गराएका थिए ।

सञ्चारकर्मी भरत जर्घामगरले सहजीकरण गरेको कार्यक्रममा राज्यका नीति बमोजिम लैंगिक समानता र सामाजिक समावेशीताको नीतिहरू तथा अधिकारमा आधारित अवधारणाका सिद्धान्तहरूलाई व्यवहारमा लागू गर्नका लागि ऐक्बद्धता जनाइएको थियो ।

## सामाजिक ...

गरिब, किसान, हरवा चरवाहरूमाथि हुँदै आएको शोषणको स्वरूप पनि फेरिएकाले आयआर्जनका लागि थोरै पूँजीमा चलाउन सकिने उद्यशीलताको काममा जोड्नु पर्ने आवश्यकता औंल्याए । उनले भने, 'त्यसका लागि योजना बनाएर ल्याउनुस्, पूँजी र बजेटका लागि पहल गर्छु ।' स्थानीय स्तरमा रोजगारी र उद्यमशीलताका लागि सहकारी भरपर्दो माध्यम हुने उल्लेख गर्दै उनले निम्छरो आयस्तर भएका, गरिब, हरवा चरवा, दलित महिलाहरू सहकारी गठन गरेर गाँघरमै रोजगारी सर्जना हुनेगरी काम गर्न आग्रह गरे । 'सहकारीको अनुदानका लागि अनुदान खोजिदिने जिम्मेबारी मेरो भो ।'

जनचेतना दलित संगम, हरवा चरवा अधिकार मञ्च सप्तरीको आयोजनामा भएको सभामा संगमका कार्यकारी निर्देशक गणेशप्रसाद रामले आफ्नो लागि आफैंहरू लड्नु पर्नेमा जोड दिंदै जनसंगठनलाई थप बलियो बनाउनु पर्ने बताए । सभामा वक्ताहरूले विभिन्न ठाउँमा दिनहुँजसो दलितहरूमाथि भइरहेको हत्या हिंसा विरूद्ध आवाज उठाउनु पर्नेमा जोड दिए । 'दलितहरूमाथि भइरहेका हत्या हिंसाको घटनाले कोरोनाको कहरलाई उछिनेको छ' सरोकारवालाहरूको भनाइ थियो 'त्यसैले संगठित रूपमा आवाज नउठाए दलित हत्याको श्रृंखला रोकिने छैन ।' हरवा चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दर्शन मण्डलले सुरक्षित थातबासका लागि लडिरहेको वर्षौं भएपनि संघीय र प्रदेश सरकारले नसुनिरहेको गुनासो गर्दै सबैभन्दा नजिकको भनिएको स्थानीय सरकारले पनि आफूहरूलाई बेवास्ता गरेको दु:खेसो पोखे । स्थानीय बुद्धजीवी तथा समाजसेवी तेजनारायण चौधरीले दलित महिलाहरूको आयआर्जन बढाउन सामूहिक खेती, खुद्रा व्यापार जस्ता काममा जोडिनु पर्ने बताए । संगमका अध्यक्ष रामलखन रामको अध्यक्षतामा सम्पन्न सभामा मञ्चकी जिल्ला कोषाध्यक्ष चन्देश्वरी सदाय, सेतीदेवी कृषि सहकारी संस्थाकी अध्यक्ष सुनितादवी सदाय लगायतले दलित समुदायका लागि सबै पक्ष, क्षेत्र गम्भिर बन्न आग्रह गरे । प्रेमकुमार विश्वकर्माको उद्घोषणमा सम्पन्न सभामा सबुरलाल रामले स्वागत मन्तव्य राखेका थिए ।

## प्रजातान्त्रिक...

सोचेर तिनै गाउँलेहरूले प्रयोग गरिरहेको प्रविधिमा केही मात्र सुधार गरिएको प्रविधि प्रयोग गराउन अनुरोध गर्छु । उदहारणका लागि, साधारण हलोको ठाउँमा विकासको हलो प्रयोग गर्ने, तर ट्र्याक्टर प्रयोग गर्ने होइन, ठूला–ठूला मेसिन, बुल्डोजर, जेट इन्जिनहरूको प्रयोग गर्ने होइन । विदेशमै तालिम पाएका प्राविधिकद्वारा बनाइएका ठूला–ठूला सडक दौडाउनु किन पर्‍यो र ? निर्माणकै काममा पनि सिमेन्ट वा फलामका छडको प्रयोग नगरेर विदेशी निर्भरता घटाउन सकिन्छ । योजनाकारहरूले कृषि उत्पादनमा वृद्धि गर्न र कृषिजन्य उधोगहरूको विकासमा पूरा जोड दिनुपर्छ ।

तपाईंलाई थाहा छ ? मैले घाँटीको बेथा लागेर दुई वर्षअघि बम्बईको जसलोक अस्पतालमा भर्ना हुनुपर्‍यो । त्यहाँका डाक्टरहरूसित म जनताको स्वास्थ्यका समस्याबारे छलफल गर्थें । कुनै–कुनै डाक्टरहरू जनताको सेवा गर्ने भावनाले ओतप्रोत थिए । उनीहरूलाई मैले सोधेँ, 'म सरकारमा भएको भए जनताको स्वास्थ्यको अवस्थामा सुधार ल्याउन के गर्नुपर्दथ्यो ?' उनीहरूले मलाई असीदेखि नब्बे प्रतिशतसम्म रोगहरू पानीको खराबीबाट हुने गर्छन् भने । त्यसकारण पानीको राम्रो हिफाजत गरियो भने अर्थात्, जनतालाई सफा पिउने पानी दिन सकियो भने असी प्रतिशत रोगहरूबाट उनीहरूको रक्षा हुन सक्छ । विदेशमा तालिमप्राप्त डाक्टरहरूले भरिएको जसलोक अस्पतालजस्ता अस्पताल पनि चाहिंदैनन् । पानीबाट आफ्नो समस्याको समाधान थाल्नुहोस्, कुनै कठिनाइ हुनेछैन । त्यसकारण मेरो सुझाव के छ भने हामीले पहिले ग्रामीण जनतालाई सफा र सुरक्षित पानी पिउने व्यवस्था मिलाइदिनु पर्छ । उनीहरूलाई आफ्नो गाउँ सफा राख्ने प्रेरणा दिने हो, महँगो अस्पताल बनाइदिने होइन । हाम्रा गरिब जनताले त्यसको खर्च बेहोर्न कदापि सक्तैननन् । तर हामी स्वास्थ्यको मुख्य आवश्यकता पूरा गर्न भने सक्छौँ । मैले के भन्न खोजेको हो भने, विकसित देशको प्रगति देखेर हामी नबहकिऔँ र विकासको प्रश्नमा भावुक नबनौं । हामी विकासको काममा 'जुन माटोले नेपाल बनेको छ, त्यही गाउँको माटोले पहिले आफ्ना हातहरू मैल्याऔं ।' तपाई यसलाई ग्रामीण सभ्यता वा ग्रामीण संस्कृतिको रूपमा परिणत हुने कुरो भन्न सक्नुहुन्छ ।*क्रमश :*

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय तहमा वडा सरकार

## पालिका बहस
### धरणिधर अधिकारी



नेपालको संविधान-२०७२ का अनुसार नेपाल संघीयतामा प्रवेश गरी संघीय, प्रादेशिक र स्थानीय तहको २०७४ मा आवधिक निर्वाचन भइ तीनै तहका सरकारहरू समेत गठन भैसकेका छन् । नेपाल शदियौं देखि केन्द्रिकृत शासन प्रणालीबाट विकेन्द्रिकृत अर्थात संघीय शासन प्रणालीको नयाँ युगमा प्रवेश भएको छ । शासन सत्ता विकेन्द्रित अर्थात संघीय भएता पनि सरकार संचालक तथा जनप्रतिनिधीहरूको मानसिकता भने केन्द्रिकृत ह्यांगबाट नै गुज्रिरहेको देखिन्छ । संघीयताको अर्थ 'हात लम्काउँदा सरकार भेटियोस' भन्ने हो । तर पनि सरकारी कामकाजमा जनप्रतिनिधी एवं सरकारी कर्मचारीको पुरातनवादी हाकिमी शैली अहिले सम्म पनि प्रष्ट झल्किन्छ । नेपालीहरु शदियौं देखि राजनैतिक रूपमा रैतीबाट प्रजा, प्रजाबाट जनता र जनताबाट अब नागरिकको स्तरमा पदारोपण हुंदै गर्दा आर्थिक र सामाजिक रूपमा भने वास्तविक नागरिक हुन सकेका छैनन् । संघीयतामा आफ्नो गाउँ र टोल देखि गाउँ र नगरको विकासका आयोजना छनौट र कार्यान्वयन स्थानीय नागरिक र जनप्रतिनिधिको सहभागितामा हुने र जस अपजसको भागीदार स्वयं हुन्छन् । राज्य शक्तिको बाँडफाँड र राज्यको श्रोतको भोगाधिकारमा स्थानीय नागरिकको अग्राधिकार रहने व्यवस्था किटान गरिएको हुन्छ ।

नेपाली संघीय शासन प्रणालीको जरो भनेकै पालिकाहरू हुन् । त्यसैगरी पालिका अन्तर्गत वडा र वडा समितिहरू आफैं आफ्नो वडाका शक्तिशाली सरकारहरू हुन् । जब सम्म वडा स्तरीय सरकारहरू बलिया हुँदैनन् तब सम्म पालिका सरकारहरू पनि मजबुत हुँदैनन् । तसर्थ वडालाई बलियो र सशक्त बनाउनु र साधन श्रोतमा वडाको अधिकारलाई प्रत्याभूत गराउनु राम्रो हुन्छ ।

हरेक वर्ष पालिकाको बार्षिक योजना छनौट र बजेट निर्माण प्रकृया हुन्छ । नेपाली क्यालेण्डर अनुसार आर्थिक वर्ष श्रावण १ गतेबाट सुरू भई आषाढ मसान्तमा अन्त्य हुन्छ । पालिका स्तरीय आयोजनाको छनौट र बजेट निर्माण प्रकृया वैशाख महिनादेखि सुरूवात हुन्छ भने आषाढ मसान्त सम्ममा सम्पूर्ण प्रकृयाको अन्त्य गर्नु पर्ने हुन्छ । स्थानीय तहको योजना छनौट तथा बजेट तर्जुमाकालागि 'स्थानीय तहको बार्षिक योजना तथा बजेट दिग्दर्शन-२०७४ (परिमार्जित) ले मार्ग दर्शन गरेको छ । जसमा गाऊँ र टोल देखि वडा स्तरीय एवं सिंगो पालिकाको योजना छनौट, बजेट तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण र मूल्यांकन कसरी हन्छ भन्ने स्पष्ट गरेको छ । वडा स्तरीय आयोजनाहरूको छनौट, बजेटको श्रोतको आपूर्ति, कार्यान्वयनमा वडा समिति, वडा अध्यक्ष र स्थानीय नागरिकको प्रत्यक्ष सहभागितामा हुने प्रष्ट छ । स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १२ को उपदफा(२) को (क) देखि (ङ.) बमोजिम वडा समितिका अधिकारहरू तोकिएको छ भने दफा १६(४) को (ग) बमोजिम वडा अध्यक्षका ७ वटा अधिकारहरू तोकिएका छन् । ऐनको दफा उपदफाले वडा समिति र वडा अध्यक्षलाई आफ्नो वडाको योजना छनौट देखि कार्यान्वयन र सुपरिवेक्षण सम्मका अधिकारहरू प्रत्यायोजन गरेको देखिन्छ । तर अधिकांश पालिकामा पालिकाको कार्यपालिका तथा अध्यक्ष र प्रमुखले पुरातनवादी ढंगले अधिकारहरू केन्द्रित गरी वडाहरूलाई बेवास्ता गरेको देखिन्छ । कार्यपालिका वा पालिका सभाद्वारा बार्षिक बजेट निर्माण र आयोजना छनौट गर्दा देखि नै अधिकार केन्द्रित गरी वडा अध्यक्षहरूलाई केहि सिफारिश सम्बन्धि सीमित कामहरूमा केन्द्रित गरी विकास निर्माणका कामहरूमा पंगु बनाउने काम गरिएको पाइन्छ ।

वडा अध्यक्षकालागि ऐनले निर्दिष्ट गरेका कार्यहरू देहाय बमोजिम छन् । (१) वडा समितिको अध्यक्ष भइ कार्य गर्ने । (२) वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजिकरण गर्ने । (३) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने गर्न लगाउने तथा स्विकृतिका लागि पालिकामा पेश गर्ने । (४) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने, सो को अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने । (५) दफा १२ खण्ड ङ. मा उल्लेखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धित कार्य गर्ने । (६) सात दिन भन्दा बढि समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धि कार्य गर्ने सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सो को जानकारी अध्यक्ष वा प्रमुखलाई दिन । (७) कार्यपालिका, सभा वा वडा समितिले तोका अन्य कार्य गर्ने ।

जो वडा अध्यक्षहरू सोझा-सिधा एवं निरक्षर छन् उनीहरूलाई त पूर्णतः अधिकार विहीन तुल्याइएको छ । उसलाई जन सेवक नबनाइ सिर्फ हाकिम बनाइएको छ । वडा अध्यक्षहरू पनि निरिह रूपमा त्यसैमा मख्ख छन् । वडा भित्रका आयोजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन सम्बन्धमा वडा समितिका कार्यहरू भनि स्थानीय सरकार संचालन ऐन-२०७४ को परिच्छेद-३ को दफा (१२) को २ (क) उपदफा बमोजिम तोकिएका कार्यहरू निम्न छन् । (१) सहभागिता मूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोल स्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी बस्ती तथा टोल स्तरीय योजनाको माग संकलन, प्राथमिकिकरण तथा छनौट गर्ने । (२) टोल विकास संस्था गठन र परिचालन तथा वडा भित्र संचालन हुने परियोजनाहरूकालागि उपभोक्ता समितिको गठन तथा सो को अनुगमन गर्ने ।

सोहि ऐनको दफा १२ को २(ग) मा व्यवस्था भएका विकाससंग सम्बन्धित ४१ वटा कार्यहरू मध्ये मुख्य कार्यहरू अध्ययन गर्दा वडा अध्यक्षहरू पनि स्थानीय सरकारका मुख्य पिलरका रूपमा देखिन्छन् ।

मुख्य कार्यहरू यस प्रकार छन् :

बाल उद्यानको निर्माण, अनौपचारिक शिक्षा तथा औपचारिक शिक्षाकालागि विद्यालय स्थापना र संचालन, स्वास्थ्य संस्थाको व्यवस्थापन, खोप सेवा संचालन, स्वास्थ्य क्लिनिक संचालन, सार्वजनिक सौचालय र स्नान घरको व्यवस्थापन, फोहोर-मैला व्यवस्थापन, कृषि सिँचाइ सम्बन्धि प्रवर्द्धन, खेलकुद विकास, सडक निर्माण तथा संरक्षण, घरेलु उद्योगको प्रवर्द्धन, व्यक्तिगत घटना दर्ता सम्बन्धि जनचेतना, सामाजिक सुरक्षा भत्ता विवरण र अद्यावधिक, आर्थिक-सामाजिक रूपमा पछाडि परेका बालबालिकाको संरक्षक, जेष्ठ र अशक्त नागरिक समेतको सामाजिक सुरक्षा भत्ताको अद्यावधिक तथा वितरणको व्यवस्था मिलाउने, सामाजिक सद्भावको विकास गर्ने, बाल विवाह तथा अन्य लैंगिक हिंसा विरूद्द जनचेतना, कर दस्तुर र शूल्क आदिको विवरण अद्यावधिक गराउने, सडक बालबालिका वा सडक मानवको संरक्षण र व्यवस्थापन, वडालाई बालमैत्री बनाउने जस्ता थुप्रै कार्यहरू तिर वडा समिति र वडा अध्यक्षको नजर खोई ? खाली सडक तथा भौतिक निर्माण मात्रै विकास हो र ? उल्लेखित तथा अन्य आयोजना निर्माण गरी पालिका सभामा पेश गरी उचित बजेट बिनियोजन गराइ कार्यान्वयन र सुपरिवेक्षण गर्ने गराउने महत्वपूर्ण जिम्मेवारी वडा अध्यक्षको काँधमा रहेको छ ।

ऐन, नियम, कार्यबिधि र दिग्दर्शनहरूमा भएका व्यवस्थालाई बेवास्ता गर्दै पालिका अध्यक्ष र प्रमुख वा अधिकार प्राप्त अधिकारीहरूले वडाहरूको अधिकारमाथि खेलवाड. गरी नागरिकका विकासका चाहनाहरूलाई कुल्चिएको देखिन्छ । जसले गर्दा संविधानले परिकल्पना गरेको अधिकार सम्पन्न स्थानीय सरकारको अवधारणा माथि नै कुठाराघात भई संघीयता नै कमजोर र धराशायी बन्न सक्छ । चेतना भया ।

## संघर्ष...

बताउँदै उनले एक सय रूपैयाँमा बन्ने कार्डले अस्पतालबाट प्रदान गरिने सुविधामा विषेश छुट दिइने जानकारी दिए ।

स्वास्थ्य सेवा व्यवस्थापन तथा सेवा प्राप्ती गर्न स्वेच्छिक रूपमा रकम प्रदान गर्ने रामचन्द्र यादव, विनोद कुमार यादव, जीवछ कामति, श्याम कुमार यादव, गोपाल साह, नवल यादव, टेक नारायण कामति, श्रीप्रसाद ठाकुर, रामकुमार यादव, राजलाल यादव, चन्देश्वर प्रसाद यादव लगायत ११ जनालाई अस्पतालले सम्मान गरेको छ । सम्मानित हुनेहरूलाई कांग्रेस कोषाध्यक्ष एवं चन्द्र नारायण यादव मेमोरियल ट्रष्टकी संरक्षक सीतादेवी यादवले प्रशंसा पत्र प्रदान गरेर सम्मान गरिन ।


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर — जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ — राष्ट्रिय दैनिक — लहानपोस्ट् LAHANPOST DAILY



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**गोलबजार नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)